# भौतिक व्यवस्थापनको सिकाइ उपलब्धिमा प्रभाव

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गत
स्नातकोत्तर तह (एम.एड) दोस्रो वर्ष **(Ed. 598)** को
शैक्षिक योजना तथा व्यवस्थापन विषयको
आंशिक आवश्यकता परिपूर्तिको
लागि तयार पारिएको

शोधपत्र


शोधकर्ता
टेकनारायण श्रेष्ठ
त्रि.वि. दर्ता नं. : ६९३१-८१
परीक्षा रोल नं. : २१४००८० (२०६३)
क्याम्पस रोल नं. : ३७/२०६१/२०६३

शैक्षिक योजना तथा व्यवस्थापन विभाग
सुकुना बहुमुखी क्याम्पस
इन्द्रपुर, मोरङ्ग


२०६८

फ्याक्स : ०२१-५४५७१७

# सुकुना बहुमुखी क्याम्पस
**SUKUNA MULTIPLE CAMPUS**

इन्द्रपुर, मोरङ

INDRAPUR, MORANG

स्थापित : २०४८

स्नातकोत्तर कार्यक्रम

Degree Programme (M.Ed.)

पत्र सङ्ख्या :

चलानी नम्बर : मिति : ....................

---

**विषय : सिफारिस पत्र ।**

त्रि.वि. सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर, मोरङमा शिक्षाशास्त्र सङ्काय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन (EPM) मूल विषय लिई स्नातकोत्तर तहमा अध्ययनरत छात्र टेकनारायण श्रेष्ठले स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका लागि भौतिक व्यवस्थापनको सिकाइ उपलब्धिमा प्रभाव शीर्षकको शोधपत्र मेरो प्रत्यक्ष सुपरिवेक्षणमा तयार गर्नुभएको हो । उहाँले पूरा गर्नु भएको यस सोध कार्यमा म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

खगेन्द्रप्रसाद लुइटेल

शोधनिर्देशक

सुकुना बहुमुखी क्याम्पस

इन्द्रपुर, मोरङ

मिति : २०६८/०७/१६

☎ ०२१-५४५६१७ फ्याक्स : ०२१-५४५७१७

# सुकुना बहुमुखी क्याम्पस
# SUKUNA MULTIPLE CAMPUS

इन्द्रपुर, मोरङ
INDRAPUR, MORANG

स्थापित : २०४८

स्नातकोत्तर कार्यक्रम

Degree Programme (M.Ed.)

पत्र सङ्ख्या :
चलानी नम्बर : मिति : ....................

---

विषय : स्वीकृति पत्र ।

त्रि.वि. सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर, मोरङमा शिक्षाशास्त्र सङ्काय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन (EPM) मूल विषय लिई स्नातकोत्तर तहमा अध्ययनरत छात्र टेकनारायण श्रेष्ठले स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका लागि **भौतिक व्यवस्थापनको सिकाइ उपलब्धिमा प्रभाव** शीर्षकमा शोधपत्र तयार गरी स्वीकृतिका लागि प्रस्तुत गर्नु भएकोमा मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| क.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री लक्ष्मीकुमार श्रेष्ठ | कार्यक्रम संयोजक | ....................... |
| २. | श्री खगेन्द्रप्रसाद लुइटेल | शोध निर्देशक | ....................... |
| ३. | श्री केशवराज भट्टराई | सदस्य सोध समिति | ...................... |
| ४. | प्रा.डा. बासुदेव काफ्ले | बाह्यपरीक्षक | .................... |

मिति : २०६८/११/०

# कृतज्ञता ज्ञापन

**भौतिक व्यवस्थापनको सिकाइ उपलब्धिमा प्रभाव** शीर्षकमा प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिको लागि तयार पारिएको हो । सर्वप्रथम यस शोधपत्रको प्रस्तावनालाई स्वीकृति प्रदान गरी शोधपत्र लेखन कार्यको लागि अवसर दिनुहुने शैक्षिक योजना तथा व्यवस्थापन विभागका विभागीय प्रमुख श्री लक्ष्मीकुमार श्रेष्ठ ज्यू प्रति म हार्दिक आभार प्रकट गर्दछु ।

आफ्नो अति व्यस्त समयका बावजुद पनि अमूल्य सुझाव, सल्लाह, प्रेरणा एवं निर्देशन दिएर शोधपत्र लेखनमा सहयोग गर्नु हुने आदरणीय गुरु तथा शोध निर्देशक श्री खगेन्द्र प्रसाद लुइटेल ज्यू प्रति विनम्रतापूर्वक हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी आवश्यक सल्लाह, सुझाव दिई सहयोग गर्नुहुने सम्पूर्ण गुरुहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

अध्ययनको क्रममा आवश्यक सूचना, जानकारी तथा तथ्याङ्कहरु उपलब्ध गराई सहयोग गर्नु हुने स्रोत व्यक्ति गणेशकुमार पोखेल, निवर्तमान वि.व्य.स. अध्यक्ष पुष्पलाल चौधरी, वि.व्य.स. अध्यक्ष महानन्द सिंह, प्र.अ. हरु विश्व कार्की, लक्ष्मण चौधरी, शिक्षकहरु राघवप्रसाद सुवेदी, कालीप्रसाद सापकोटा, सियाराम चौधरी, सूर्यनारायण चौधरी, कुलदिप चौधरी, दिपक चौधरी, दिपनारायण चौधरी, हरिनारायण चौधरी “क”, हरिनारायण चौधरी “ख”, गोविन्द कार्की, उमानन्द पाल, सत्य नारायण मेहता, मायाराम चौधरी, ध्रुव चौधरी, ब्रह्मदेव मेहता शिक्षिकाहरु विन्दा पराजुली, राधा चौधरी “क”, राधा चौधरी “ख”, कविता चौधरी र सहयोगी कर्मचारी गुणराज निरौला प्रति हार्दिक आभार व्यक्त गर्दछु । अध्ययन कार्यमा मलाई निरन्तर हौसला र प्रोत्साहन प्रदान गर्नुहुने मेरो वुवा जैनारायण श्रेष्ठ आमा मनमाया श्रेष्ठ र मेरो अध्ययन प्रति सदैव जागरुक गराउँदै अध्ययनको लागि आवश्यक वातावरण र समय मिलाइ दिने जीवन संगिनी सरीता श्रेष्ठ, छोरी सृष्टी श्रेष्ठ, छोरा स्वरुप श्रेष्ठ प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अन्त्यमा, अध्ययन कार्यमा मलाई प्रत्यक्ष, अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने मेरा सम्पूर्ण साथीहरु तथा कम्प्यूटर टाइप गरी सहयोग पुऱ्याउनुहुने भाइ सुदिप अधिकारी र बहिनी उषा नेपाललाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**शोधकर्ता**

**टेकनारायण श्रेष्ठ**

# शोधसार

भौतिक व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभावको विश्लेषण गर्ने उद्येश्यले यो अध्ययन सम्पन्न गरिएको छ । यस अध्ययनको मूल उद्येश्य प्राथमिक तहमा भौतिक व्यवस्थापनको वर्तमान अवस्थाको पहिचान गर्नु, भौतिक व्यवस्थापनको समस्या न्यूनीकरण गर्ने उपायहरु सुझाउनु र भौतिक व्यवस्थापनले सिकाई उपलब्धिमा पारेको प्रभावको खोजी गर्नु रहेको छ ।

यस अध्ययनको लागि उद्येश्यमूलक ढङ्गले गुणात्मक तथा परिमाणात्मक ढाँचालाई अनुसन्धानको आधार मानेर २ वटा विद्यालयलाई नमूनाको रुपमा छनौट गरिएको छ । सामुदायिक विद्यालयको प्रधानाध्यापक, व्यवस्थापन समितिको अध्यक्ष, शिक्षक तथा विद्यार्थीहरुलाई नमूनाको रुपमा लिएर प्राथमिक स्रोतको रुपमा तथ्याङ्क सङ्कलन गरिएको छ भने विद्यालयको अभिलेख, पूर्व शोधपत्रहरु, लेख/रचना तथा विद्यालयको स्मारिकालाई द्वित्तीय स्रोत मानेर तथ्याङ्क सङ्कलन गरिएको छ । अवलोकन फारम तथा प्रश्नावली जस्ता अनुसन्धानका साधनहरु प्रयोग गरी छनौटमा परेका सामुदायिक विद्यालयहरुको भौतिक व्यवस्थापनको सम्बन्धमा विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्रमा फ्रेडरिक विन्स्लो टेलरले प्रतिपादन गरेको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त र हेनरी फेयोलले प्रतिपादन गरेको प्रशासनिक व्यवस्थापनको सिद्धान्तलाई सैद्धान्तिक खाकाको रुपमा लिएर सामुदायिक विद्यालयको प्राथमिक तहमा भौतिक व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभावको बारेमा अध्ययन गर्ने काम गरिएको छ । अध्ययन क्षेत्रका सामुदायिक विद्यालयहरुको प्राथमिक तहमा भौतिक व्यवस्थापनको वर्तमान अवस्थालाई हेर्दा अधिकांश विद्यालयहरुमा कक्षा कोठा, खानेपानी, खेल मैदान, शौचालय, प्रयोगशाला, पुस्तकालय, स्वास्थ्य उपचार कक्ष, चमेना गृह, बेन्च/डेस्क, फूलबारी, सञ्चारका साधन, छात्रवास, यातायातका साधन आदि पर्याप्त नभएको र कक्षा कोठामा शिक्षण सामग्रीहरुको कमी रहेको पाइयो ।

सामुदायिक विद्यालयहरुमा भौतिक स्रोत र साधनहरुको जहिले पनि कमी नै हुने भएकोले भएका स्रोत र साधनहरुको अधिकतम उपयोग गर्न, स्रोत जुटाउने सम्बन्धमा नेतृत्वदायी भूमिका निर्वाह गर्न, कक्षाकोठा र फर्निचरको व्यवस्थापन गर्न तथा व्यवस्थापन पक्ष चुस्त, दुरुस्त राख्न मुख्य रुपमा विद्यालयको प्र.अ. ले नै पहल गर्नुपर्ने धारणा शिक्षक तथा वि.व्य.स. अध्यक्षहरुले राखेका थिए । यसको साथै विद्यालयको उन्नयन हुने हरेक असल कामका लागि शिक्षक तथा वि.व्य.स. पदाधिकारीहरुले प्र.अ. लाई भरपुर साथ र सहयोग दिइरहने प्रतिबद्धता जाहेर गरेको पाइयो ।

सामुदायिक विद्यालयमा भौतिक व्यवस्थापनको समस्या तथा चुनौतीहरुको सवालमा शिक्षक नियुक्तिमा विविधता, पुनर्ताजगी तालिमको अभाव, विद्यार्थी अनियमितता, कर्मचारीको अभाव, भौतिक स्रोत साधनको अभाव, कक्षाकोठाको अपर्याप्तता, भौतिक सुविधाको कमी रहेको पाइयो ।

विद्यालयको सिकाइ उपलब्धि अभिवृद्धि गर्नका लागि राज्यले शिक्षकलाई पुनर्ताजगी तालिमको व्यवस्था, शिक्षक सेवा प्रवेशमा एकद्वार प्रणालीको व्यवस्था, कर्मचारी नभएको विद्यालयमा कर्मचारीको नियुक्ति, विद्यार्थीहरुलाई नियमित गराउँन सरोकारवालहरुबीच छलफल, न्यूनतम भौतिक सुविधाको व्यवस्था जस्ता विविध कार्यक्रमहरु सञ्चालन गर्न सुझावको रुपमा यस अध्ययनमा समेटिएका छन् ।

# विषय सूची


| | |
|---|---|
| | पृष्ठ संख्या |
| **सिफारिस पत्र** | **I** |
| **स्वीकृति पत्र** | **II** |
| **कृतज्ञता पत्र** | **III** |
| **शोधसार** | **IV–V** |


## परिच्छेद एक : परिचय


| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको औचित्य | ५ |
| १.४ अध्ययनको उद्देश्यहरु | ६ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरु | ६ |
| १.६ अध्ययनको परिसीमा | ७ |
| १.७ शब्दहरुको परिभाषा | ७ |


## परिच्छेद दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका


| | |
|---|---|
| २.१ सम्बन्धित साहित्यको अध्ययन | १० |
| २.२ अध्ययनको सैद्धान्तिक खाका | १२ |
| २.३ पुनरावलोकनको उपादेयता | १४ |


## परिच्छेद तीन : अध्ययन विधि


| | |
|---|---|
| ३.१ अनुसन्धानको ढाँचा | १७ |
| ३.२ तथ्याङ्क सङ्कलन प्रक्रिया | १७ |
| ३.२.१ नमूना जनसंख्या | १७ |
| ३.२.२ नमूनाको आकार | १८ |

३.२.३ नमूना छनौटको विधि १८

३.२.४ नमूना छनौटका आधारहरु १८

३.३ अनुसन्धानका साधनहरु १९

३.३.१ स्थलगत अध्ययन १९

३.३.२ असंरचित मौखिक अन्तरवार्ता १९

३.३.३ लक्षित समूह छलफल १९

३.३.४ अवलोकन फारम १९

३.३.५ प्रश्नावली २०

३.४. तथ्याङ्कका स्रोतहरु २०

३.५ तथ्याङ्कको प्रस्तुति, विश्लेषण र व्याख्या २०

## परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण

४.१ भौतिक व्यवस्थापनको अवस्था २१

४.१.१ विद्यालय भवन र कक्षाकोठाको व्यवस्थापन २१

४.१.२ खेल मैदान, कम्पाउण्ड वाल, खानेपानी र शौचालयको व्यवस्थापन २२

४.१.३ पुस्तकालय, प्रयोगशाला र छात्रवासको व्यवस्थापन २४

४.१.४ अफिस कोठा, स्टाफ कोठा, स्वास्थ्य उपचार कक्ष र चमेना गृहको व्यवस्थापन २४

४.१.५ कालोपाटी, बेन्च/डेस्क, साइकल/मोटरसाइकल स्टेण्डको व्यवस्थापन २६

४.१.६ झ्याल/ढोका, छाना/छत, कार्पेट र विद्यार्थी पोशाकको व्यवस्थापन २७

४.१.७ फूलवारी, सञ्चार उपकरण, यातायातको साधन तथा विद्युतको व्यवस्थापन २८

४.१.८ फर्निचरको व्यवस्थापन २९

४.१.९ शैक्षिक सामग्रीको व्यवस्थापन ३०

४.२ भौतिक व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव ३२

४.२.१ वार्षिक परीक्षा २०६७ को नतिजा ३३

४.२.२ विषयगत तथा कक्षागत सिकाइ उपलब्धि ३४

४.२.३ भौतिक व्यवस्थापन र सिकाइ उपलब्धि ३६
४.३ भौतिक व्यवस्थापनसंग सम्बन्धित समस्या तथा चुनौतीहरु ३७
४.४ भौतिक व्यवस्थापनका समस्याहरु न्यूनीकरण गर्ने उपायहरु ४०

## परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु

५.१ प्राप्ति ४३
५.२ निष्कर्ष ४५
५.३ सुझावहरु ४६

**सन्दर्भ सामग्रीहरु**

**अनुसूचीहरु** **VI–XV**